**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

पाठ्यपुस्तक छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्नेसम्बन्धी सूचना
(प्रकाशित मिति २०७९।१०।०७)

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९।०९।२९ को निर्णयानुसार शैक्षिक सत्र २०८० का लागि देशभर कक्षा १ देखि ५ सम्मका चार रङका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री निजी क्षेत्रका मुद्रक तथा वितरकबाट छपाइ गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि शैक्षिक सत्र २०७९ का लागि अनुमति पाएका फर्म/संस्थालाई नवीकरण गर्न तथा थप सूचीकृत हुन चाहने इच्छुक मुद्रक तथा वितरकले आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढाँचामा मिति २०७९।१०।०७ गते यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रु. १०/- को टिकट टाँसी सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी प्रस्ताव पेस गर्न आवश्यक फाराम रु. १०००। (अक्षरेपि  एक हजार पछि फिर्ता नहुने गरी ) तिरी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ ।

**तपसिल**

**समूह : क**

कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरू

**समूह : ख**

विद्यालय तहका पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन निर्देशिकाहरू, शिक्षक निर्देशिकाहरू, परम्परागत तथा मातृभाषाका पाठ्यपुस्तकहरू तथा सन्दर्भसामग्रीहरू, केन्द्रबाट प्रकाशित अन्य सामग्रीहरू

**प्रोफाइलसिहतको प्रस्तावमा संलग्न हुनुपर्ने कागजातको विवरण**

१. संस्था/फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि (नवीकरणसमेत)
२. आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. सम्बन्धित संस्थाबाट छपाइ भई बजारमा मौज्दात रहेका सम्बन्धित कक्षाहरूका पाठ्यपुस्तकको विवरण
४. वितरण प्रणाली, भण्डारन व्यवस्था, गोदामको क्षमता तथा वितरण सञ्जाल
५. छपाइ गर्न चाहेको पुस्तक, छपाइ गरी वितरण गरिने प्रदेशगत जिल्ला र छपाइ गर्ने अनुमानित पुस्तक सङ्ख्या
६. कक्षा १, २ र ३ का पाठ्यपुस्तक  २१ से.मि र २८ से.मि. आकारमा बहुरङमा छपाइ गर्नुपर्ने भएकाले उक्त कार्यका लागि उपयुक्त प्रेसका किसिम र क्षमता (साइज, छपाइ प्रेसको नाम, उत्पादन कम्पनी मोडेल, छपाइ क्षमता आदि ) खुल्ने विवरण
७. गत आ.व. को आर्थिक कारोबारको विवरण तथा लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको प्रतिलिपि
८. छपाइ तथा वितरण कार्यमा संलग्न जनशक्तिको विवरण
९. मुद्रण तथा वितरणको कार्यतालिका (२०७९ चैत्र १५ गतेसम्म पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितता हुने गरी)
१०. छपाइ गरेका पाठ्यपुस्तक देशभरि बिक्री वितरण गर्ने प्रतिबद्धताको सुनिश्चितता गर्ने कागजात संलग्न
११. गत आ.व.मा यसै खालका कामको जिम्मेवारी लिएको भए सोको प्रगति विवरण प्रतिवेदन

**मुद्रक तथा वितरकले पालना गर्नुपर्ने अन्य सर्त तथा थप जानकारी**

१. निजी मुद्रक तथा वितरकबाट पेस हुने प्रोफाइलसहितका प्रस्तावहरू यस केन्द्रबाट तोकिएको सिलबन्दी प्रस्तावमा दिइएका मूल्याङ्कन सर्तका आधारमा हुनुपर्ने छ ।
२. सूचीकृत हुन धरौटीबापत तोकिएको खातामा रु ५,००,०००/- (पाँच लाख) जम्मा भएको हुनुपर्ने छ ।
३. तोकिएबमोजिमको गुणस्तर स्पेसिफिकेसन (Quality specification) अनुसार पाठ्यपुस्तक छपाइ र वितरण गर्नुपर्ने छ ।
४. केन्द्रले उपलब्ध गराएको मुद्रणीय प्रति (Print Ready Copy–PRC) अनुरूप छपाइ तथा वितरण गर्नुपर्ने छ ।

५. पाठ्यपुस्तकको प्रकाशकमा पाठ्यक्रम विकास केन्द्र रहने एवम् सर्वाधिकारसमेत केन्द्रमा नै निहित रहने छ तर पाठ्यपुस्तकमा मुद्रकको नाम उल्लेख हुनुपर्ने छ ।
६. निजी मुद्रक तथा वितरकले नेपाल सरकारले तोकेको मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ ।
७. केन्द्रबाट प्रथम पटक पाठ्यपुस्तकहरूको मुद्रणीय प्रति प्राप्त गर्ने मुद्रक तथा वितरकले सेवा शुल्कबापत प्रतिपुस्तक रु. १०,०००/- (अक्षरेपि दश हजार) तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने छ ।
८. एक पटक सूचीकृत भइसकेका फर्म तथा संस्था नवीकरण भएमा सेवा शुल्कबापत प्रत्येक वर्ष प्रतिपुस्तक रु. ५,०००/- ( अक्षरेपि पाँच हजार) राजस्व तिर्नुपर्ने छ ।
९. मुद्रक तथा वितरकले राजस्व बुझाउँदा **समूह क** का सबै विषयका लागि अनिवार्य रूपमा र **समूह ख** का विषयमध्ये इच्छानुसार राजस्व बुझाई मुद्रणीय प्रति (Print Ready Copy=PRC ) लिन सकिने छ ।
१०. केन्द्रले उपलब्ध गराएको छपाइ गुणस्तर स्पेसिफिकेसन (Quality specification) बमोजिमको पाठ्यपुस्तक छपाइ र वितरण नभएको पाइएमा, मुद्रण तथा वितरण कार्य तालिकाअनुसार कार्य नगरेमा र केन्द्रले दिएको निर्देशन पालना नगरेमा निर्देशिकाबमोजिम कारबाही गरिने छ ।
११. कारबाहीमा परेका मुद्रक तथा वितरकले अर्को वर्षमा पाठ्यपुस्तक छपाइ र वितरण कार्यमा संलग्न हुन पाउने छैनन् र धरौटी रकमसमेत जफत हुन सक्ने छ ।
१२. सूचीकृत भएका फर्म/संस्थालाई छपाइ गर्न दिने पाठ्यपुस्तक सेट सङ्ख्या विद्यार्थी सङ्ख्या र छपाइ क्षमताका आधारमा केन्द्रले निर्धारण गरेबमोजिम हुने छ ।
१३. गत वर्ष सूचीकृत भएर पनि पाठ्यपुस्तक छपाइ नगर्ने मुद्रक तथा वितरकहरूलाई प्राथमिकतामा राखिने छैन ।
१४. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ र प्रचलित ऐन नियमानुसार हुने छ ।
१५. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।
१६. यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क (फोन न.०१६६३४९१६) राखी बुझ्न सकिने छ ।
१७. पाठ्यसामग्री छपाइ गर्न चाहेको समूह यस केन्द्रले उपलब्ध गराएको प्रस्ताव फाराममा स्पष्ट खुलेको हुनुपर्ने छ ।

यो सूचना यस केन्द्रको वेबसाइट : www.moecdc.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।